# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

**"अपाङ्गता समाबेशी समाजको प्रबर्द्धन: सामाजिक उन्नतिको सम्बर्द्धन"** भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको ३४ औं अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (३ डिसेम्बर २०२५) को अवसरमा बागमती प्रदेश, स्वदेश तथा बिदेशमा रहनुभएका सम्पूर्ण फरक क्षमता भएका दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अपाङ्गता एक अबस्था हो जसमा ब्यक्तिको कुनै पक्षमा केही समस्या हुन्छ । बास्तबमा मानिसका केही शारीरिक, मानसिक वा बौद्धिक अपूर्णतालाई अपाङ्गता भनेर ब्यक्ति स्वयं वा परिवार र समाजले लिंदा ब्यक्तिका सम्भावित क्षमताहरू ओझेलमा पर्ने गर्दछन् । मानव समाजले अपाङ्ग भनेका नेपाल लगायत बिश्वका कैयौं ब्यक्तिहरूले मानव सभ्यतामा असाधारण र अतुलनीय छाप छोडेका उदाहरणहरू छन् । ब्यक्तिमा केही समस्याहरू हुनसक्छन्, तर ब्यक्तिका अरु क्षमताका पक्षहरू उजागर गर्ने वातावरण तयार गर्नु नागरिक समाज, संघ संस्थाहरू र राज्यका निकायहरूको समान दायित्व हो ।

समाजलाई अपाङ्गमैत्री बनाउनु हामी सबैको कर्तव्य हो । हरेक मानवको मानव अधिकार र मौलिक अधिकार पूर्ण सुरक्षित रहनुपर्दछ । समाबेशी भनेको भाषा, संस्कृति, परम्परामा मात्र नभै सम्पूर्ण भिन्न क्षमताका ब्यक्तिहरूलाई पनि विकास र परिवर्तनको दिशामा साथ लिएर अघि बढ्नु हो । भिन्न क्षमता भएका ब्यक्तिहरूको क्षमता पहिचान र अभिवृद्धिमा हामी सबै हातेमालो गरेर अघि बढ्नुपर्छ । नारा र भाषणले भन्दा परिणाममुखी कार्यमा जोड दिनुपर्दछ । सार्बजनिक सेवा प्रबाहलाई भिन्न क्षमतामुखी चुस्त तथा दुरुस्त पार्नुपर्दछ । हामीलाई सभ्य, सुसंस्कृत र समतामुलक समाज निर्माणमा आजको दिनले प्रेरणा दिनेछ भन्ने अपेक्षाका साथ पुनः सबैमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल मंसिर १७ गते, बुधबार**
**ने.सं. ११४६ थिंलाथ्व: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**